# Johnson & Johnson कोभिड-19 खोप: तपाईंले जान्नुपर्ने कुराहरू

## ट्रान्स्क्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन]

**Johnson & Johnson कोभिड-19 खोप: तपाईंले जान्नुपर्ने कुराहरू**

रोग नियन्त्रण तथा रोकथाम केन्द्र (Centers for Disease Control, CDC) ले अब Johnson & Johnson कोभिड-19 खोपको सट्टा कोभिड-19 खोपहरू (Pfizer र Moderna) लगाउन सिफारिस गर्दछ ।

### सिफारिसहरूमा किन संशोधन गरिएको थियो ?

विज्ञहरूले Johnson & Johnson कोभिड-19 खोप लगाइसकेपछि दुर्लभ रूपमा देखिएको रगत जम्ने समस्याले केही मानिसहरूको मृत्यु भएको पहिचान गरेका छन् । यो दुर्लभ हुँदाहुँदै पनि यो धेरै गम्भीर छ र यस्ता जोखिम नभएका अन्य खोपहरू उपलब्ध छन् । Johnson & Johnson को प्रभावकारिता र यसको सुरक्षा सम्बन्धी हालैको अनुसन्धानको समीक्षा गरिसकेपछि विज्ञहरूले सिफारिस गरे । उनीहरूले सबै खोपहरूको सुरक्षाको समीक्षा गर्ने कार्यलाई जारी राख्छन्, यदि आवश्यक परेमा, सो अनुसन्धानको आधारमा उनीहरूका सिफारिसमा गर्ने गर्दछन् । दुर्लभ गम्भीर साइड इफेक्टका कुनै पनि असामान्य वा अप्रत्याशित हरू जाँच गरन्छ र सम्बोधन गरिन्छ र मानिसहरूलाई सूचित गरिन्छ ।

### यदि मैले Johnson & Johnson खोप लगाइसकेको छु भने के हुन्छ ?

तपाईंले खोप लगाउनुभएदेखि एक महिनाभन्दा बढी समय बितिसकेको भएमा तपाईंमा अब Johnson & Johnson खोपको कारणले दुर्लभ रगत जम्ने समस्या आउने कुरा असम्भवप्रायः छ । यदि खोप लगाएदेखि एक महिना बितिसकेको छैन भने, यी लक्षणहरू देखिए-नदेखिएको:

- स्वाँस्वाँ हुने
- छाती दुख्ने
- खुट्टा सुनिने
- लामो समयसम्म पेट दुखिरहने
- एकदम धेरै टाउको दुख्ने वा लामो समयसम्म टाउको दुख्ने
- धमिलो देखिने
- खोप लगाएको ठाउँमा छालामुनि डाम वा स-साना रगतका दागहरू

यदि तपाईंले खोप लगाइसकेपछि यीमध्ये कुनै पनि लक्षणहरू देखिएमा, तपाईंले तुरुन्तै चिकित्सा उपचार खोज्नुपर्दछ । स्वास्थ्य सेवा प्रदायकलाई तपाईंले भर्खरै Johnson & Johnson खोप लगाउनुभएको कुरा बताउनुहोस् । Johnson & Johnson कोभिड-19 खोपले कोभिड-19 ले निम्त्याउने गम्भीर बिमारी विरूद्ध संरक्षण गर्दछ; यद्यपि, Johnson & Johnson खोपको एक डोज लगाएका मानिसहरूले पनि खोपको पूरा मात्रा लगाउनु आवश्यक छ र पहिलो खोप लगाएको दुई महिनापछि बुस्टर खोप लगाउनुपर्छ । बुस्टर खोपका लागि Pfizer वा Moderna खोप लगाउन सिफारिस गरिएको छ ।

### के मैले फरक खोप लगाउनुपर्छ?

तपाईंले पहिलो डोज Johnson & Johnson खोप लगाउनुभएको थियो भने तपाईंले भिन्न खोपको पहिलो डोजदेखि सुरू गर्नु आवश्यक छैन । यदि तपाईंले पहिले नै Johnson & Johnson को बुस्टर डोज लगाइसक्नुभएको छ भने, तपाईंले हालका लागि कुनै थप खोप लगाउनुपर्दैन ।

**यदि मैले चाहेँ भने के म अझै पनि Johnson & Johnson खोप लगाउन सक्छु ?**

तपाईं Johnson & Johnson कोभिड-19 खोप नै लगाउन चाहनुहुन्छ भने तपाईंले अझै पनि त्यही खोप लगाउन सक्नुहुन्छ । खोप लगाइसकेपछि कुनै पनि व्यक्तिलाई रगत जम्ने दुर्लभ समस्या आउन सक्छ भन्ने बारेमा भने सचेत रहनुहोस् । जे होस्, यो रगत जम्ने समस्या प्राय: 30 देखि 49 वर्ष उमेरका महिलामा हुने गर्छ ।  खोप र यसका सम्भावित जोखिमहरूको बारेमा आफ्नो खोप प्रदायकसँग कुरा गर्नुहोस् ।

खोप आफू र अरूलाई कोभिड-19 बाट जोगाउने सर्वोत्तम तरिका हो । यदि तपाईंले खोप लगाउनुभएको छैन भने, आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस् वा खोप लगाउन आफू नजिकको कुनै ठाउँ खोज्नुहोस् ।

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

2/4/22 (Nepali)

*यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न, यस नम्बरमा कल गर्नुहोस्: 651-201-4989*